कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कोहलपुर, बाँके

## लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०

च.नं. :-

**वन प्राविधिक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना !!!**

(सूचना प्रकाशित मितिः २०७९/०९/१९)

प्रस्तुत विषयमा सम्वृद्धिका लागि वन परियोजना (पि १७०७९८)का लागि वन प्राविधिक करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग भए बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको प्रशासन शाखामा निवेदन दिनु हुन सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ७/२०७९-८० | वन प्राविधिक | सहायक पाँचौ तह सरह | १ (एक) |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः

क. वन विज्ञानमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा तीन वर्षको अनुभव भएको वा वन विज्ञानमा स्नातक तह (B.Sc. Forestry) उत्तीर्ण गरेको ।

ख. उमेर : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान : कोहलपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।

३. दरखास्त दिने अन्तिम मिति : २०७९ माघ ३ गते सम्म । सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने दिन कार्यालय समय भित्र ।

४. आवेदन दस्तुर : रू. ५००।-(पाँच सय मात्र) ।

५. छनौटको किसिम : कोहलपुर नगरपालिकामा प्राबिधिक कर्मचारी करारमा ब्यवस्थापन गर्ने सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम । माथिल्लो शैक्षिक योग्यता भएमा अनुभव सम्बन्धी कागजात आवश्यक नपर्ने(अनुभवको पुरा अंक प्राप्त हुने ।)

६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- ३ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः समृद्धिका लागि वन परियोजना (पि १७०७९८) बमोजिम ।

**नोटः सामुदायिक वन व्यवस्थापनको परिचालन योजना तयारी, परिमार्जन सम्बन्धी अनुभव भएको, आधारभुत कम्प्यूटर सीप भएको र महिला उम्मेदवारलाई अन्तरवार्तामा विशेष प्राथमिकता दिइनेछ।**

..........................

(टिकाराम ढकाल)

प्रमुख प्रशासकीय अधिकृत